नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा
(...................... फाँट)

०२३- ४५५१२५ कार्यालय, ४५५०८८ फ्याक्स, ४५६१९१ कार्यालय, ४५६१९७ प्रजिअ आवास, ४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :-२०७७।७८
चलानी नं. :-

मिति :- २०७८।०३।१४

## झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

दोस्रो लहरको कोभिड-१९ को संक्रमणको दर यस जिल्लामा घटदो क्रममा रहेको भएतापनि संक्रमणको जोखिम रहिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को दफा ४, संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०३।७ गते मध्यराती १२:०० बजे देखी मिति २०७८।०३।१४ गते मध्यराती १२:०० बजेसम्म झापा जिल्लाभर लागू हुने गरी निषेधाज्ञाको आदेश जारी गरिएकोमा पछिल्ला दिनहरुमा संक्रमणको दर घटदो क्रममा रहेको भएतापनि संक्रमणको जोखिम रहिरहेकोले मिति २०७८।०३।१४ गते मध्यरात १२:०० बजे देखी मिति २०७८।०३।२१ गते मध्यरात १२:०० बजे सम्मका लागि देहाय अनुसारको आदेश जारि गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघ, संस्था पेशाकर्मी व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ।

देहाय :-

१. सर्वसाधारणका लागिः-

क. अत्यावश्यक कामका लागि बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने । खाद्य पदार्थ खरिद लगायत अन्य कामका लागि घरबाट बाहिर निस्कदा अनिवार्य मास्कको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने र कुनै पनि भिडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने ।

ख. हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।

ग. Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको Isolation Center मा सम्पर्क राखे ।

२. कार्यालय सञ्चालन सम्बन्धमाः-

क. सरकारी, सार्वजनिक संस्थान, बीमा लगायतका कार्यालयहरुले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी/गराई भिडभाड नगरिकन आलोपालो प्रणाली अवलम्बन गरी सेवा प्रवाह गर्ने ।

ख. सरकारी, सार्वजनिक संस्थान, बैंक तथा बीमा लगायतका कार्यालयका कर्मचारीहरुले कर्मचारी परिचय-पत्रका आधारमा सरकारी तथा निजी सवारी साधनमा आवतजावत गर्न पाउने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा
(............... फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय, ४५५०८८ फ्याक्स, ४५६१९१ कार्यालय, ४५६१९७ प्रजिअ आबास, ४५५१६६, ४५५०६६, ४५५९८

पत्र संख्या :-
चलानी नं. :-

मिति :- ..........................

३. बैंक/वित्तीय संस्था सम्वन्धमाः-

क. बैक तथा वित्तिय संस्थाहरुले बैंकिङ्ग कारोबार स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी/गराई सञ्चालन गर्ने ।

४. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः-

क. औषधी र स्वास्थ्य सामाग्री, ईन्धन (पेट्रोल/डिजल स्टेसन, LP Gas) बाहेक अन्य पसल तथा व्यवसाय पुर्ण रुपमा बन्द गर्ने तर खाद्यान्न, फलफुल, तरकारी, माछामासु, दुध डेरी, पुस्तक, हार्डवेयर तथा निर्माणजन्य सामाग्री, ईलेक्ट्रोनिक, टेलरिङ्ग, ड्राईक्लिनर्स, लत्ताकपडा, जुत्ता चप्पल, सुनचाँदी, कस्मेटीक, भाँडा, गाडी/मोटरसाईकल शोरुम, प्लास्टिक तथा मेसीनरी, फर्निचर पसल विहान ६:०० बजे देखी दिउसो ३:०० बजे सम्म सञ्चालन गर्न पाईने । माथि उल्लेखित पसलहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, सो को प्रभावकारी अनुगमन सम्वन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय प्रहरी ईकाईहरुले गर्ने ।

ख. होटल तथा रेष्टुरेन्टहरुले टेक अवे सेवा मात्र सञ्चालन गर्न पाउने ।

ग. मलखाद, विउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार लगायत कृषि सम्वन्धी पसल स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी विहान ६:०० बजे देखी दिउसो ३:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

घ. मोटर वर्कशपहरुले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी न्युनतम कामदारहरुको उपस्थितिमा विहान ६:०० बजे देखी दिउसो ३:०० बजे सम्म सञ्चालन गर्न पाउने ।

ङ. औषधी पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।

च. सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्युटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

५. सवारी साधन सञ्चालन सम्वन्धमाः-

क. अत्यावश्यक सेवाहरु बाहेकका सबै प्रकारका निजी सवारी साधन, सिटी सफारी/अटो रिक्सा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी मिति २०७८ असार १४ गते राती १२:०० बजे देखि २०७८ असार २१ गते राती १२:०० बजेसम्म जोर विजोर प्रणालीमा (जोर गते जोर नम्बर विजोर गते विजोर नम्वर को सवारी साधन) झापा जिल्ला भर सञ्चालन गर्न पाउने ।

प्रमुख जिल्ला अधिकारी

०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६११९ कार्यालय
४५६११७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८

ख. प्लेनबाट यात्रा गरेका/गर्ने टिकट वा बोर्डिङ्ग पास भएका यात्रुहरु एयरपोर्ट सम्म जान र एयरपोर्टबाट अन्य स्थानमा जान प्रयोग हुने ट्याक्सी स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी मिति २०७८ असार १४ गते राती १२:०० बजे देखि २०७८ असार २१ गते राती १२:०० बजेसम्म जोर विजोर प्रणालीमा (जोर गते जोर नम्वर विजोर गते विजोर नम्वर को सवारी साधन) सञ्चालन गर्न पाउने।

ग. सरकारी कार्यालय, सार्वजनिक संस्थानका कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीले कार्यालय जान आउनको लागि प्रयोग गर्ने सरकारी तथा निजी सवारी साधनको हकमा कार्यालयले जारी गरेको कर्मचारी परिचय-पत्रको आधारमा सञ्चालन गर्न पाईने ।

घ. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुधजन्य पदार्थ, मलखाद, विउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा, ढुवानी लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाईने ।

ङ. विकास निर्माणसंग सम्वन्धित सामाग्रीहरु ढुवानी गर्ने सवारी साधनहरु सञ्चालन गर्न पाईने ।

च. यस जिल्लावाट अन्य जिल्लाको लागि खाद्यान्न लगायतका अन्य सामाग्री ढुवानि गर्ने सवारी साधनहरु सञ्चालन गर्न पाईने ।

छ. धान रोप्ने समय नजिकिएकोले खेत जोत्ने कार्यमा प्रयोग हुने ट्र्याक्टर कृषि कार्यको लागि निर्वाध सञ्चालन गर्न पाईने।

६. <u>उद्योग, कल-कारखाना र विकास निर्माण कार्य सञ्चालन सम्बन्धमा:-</u>

क. उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्बन्धित उद्योगले मिलाउने।

ख. राष्ट्रिय गौरब तथा महत्वका आयोजना/परियोजना र अति आवश्यक विकास निर्माण कार्यका लागि कामदारहरुलाई खाने बस्ने व्यबस्था सम्वन्धित आयोजनाले निर्माणस्थलमा नै मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(................ फाँट)
☎ ०२३- ४५५१२५ कार्यालय, ४५५०८८ फ्याक्स, ४५६१९१ कार्यालय, ४५६१९७ प्रजिअ आवास, ४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :-
चलानी नं. :-
मिति :- ..........................

७. विवाह तथा मृत्यु संस्कार सम्बन्धमाः-

क. विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ वटा सवारी साधनमा ५/५ जना सम्म ब्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति आवश्यक नपर्ने।

ख. मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागि हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिश) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

८. सीमा नाका सम्बन्धमाः-

क. सीमा नाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न काँकडभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी आवत जावत गर्न दिइने ।

ख. काँकरभिट्टा नाका बाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पुर्ण रोक लगाउने ।

ग. काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई सम्वन्धित स्थानीय तहसंग आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने ।

९. सभा सम्मेलनको हकमाः-

क. सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने।

१०. विविधः-

क. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न पाउने ।

ख. अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही हुनेछ।

ग. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट,, राहदानी, भिषा लगायतका कागजातका आधारमा सम्वन्धित व्यक्ति र निजले प्रयोग गर्ने सवारी साधनलाई यात्रा सहजीकरण गरिनेछ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(झापा ... फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :-
चलानी नं. :-

मिति :- ..............................

११. यस आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झै आवश्यक सहयोग समन्वय तथा सहजीकरण हुन सम्वद्ध सबै सरोकारवाला र आम झापावासीमा हार्दिक अनुरोध छ ।

१२. यो आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराईएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

२०७८/१२/१४
(श्रवणकुमार तिमिल्सिना)
प्रमुख जिल्ला अधिकारी